# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या ३६ स्थानीय राजपत्र भाग २ मिति २०७५।११।०७


# अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धी कार्यविधि-२०७५

सार्बजनिक यातायातमा सहजतता प्रदानगर्नको लागि र अटोरिक्सा ई-रिक्सा सवारी साधन संचालनमा ब्यबस्थित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी घोराही उप-महानगरपालिकाले अटो रिक्सा ई-रिक्सा दर्ता सम्बन्धी कार्यविधि-२०७५ जारी गरेको छ ।

**(१) घोराही उप-महानगरपालिका कार्यालयमा दर्ता नगरी यस क्षेत्रभित्र अटो चलाउन नपाइने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम यस उप महानगरपालिका कार्यालयमा आफ्नो अटो रिक्सा ई-रिक्सा दर्ता नगरी कोही कसैले पनि यस उप-महानगरपालिका क्षेत्रभित्र अटो रिक्सा ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित सवारीधनीले रुटप्रमिटका सम्पूर्ण शर्तहरु पूर्णरुपमा पालना गर्नुपर्नेछ अन्यथा यस कार्यालयबाट

अनुगमनमा खटिएका कर्मचारी र नगर प्रहरीले जरिवाना गर्नेछन । तोकिएको पार्किङस्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा पहिलो पटक रु. ५० दोश्रो पटकमा रु २०० जरिवाना र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ ।

**(२) उप-महानगरपालिकामा दर्ता/पार्किङ सम्वन्धी व्यवस्था :**

(१) सार्बजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस घोराही उप-महानगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । बढ्दो सवारीचापका कारण हुने सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिदा हाल दर्ता गरको संख्या सडको यातायात क्षमताको अबस्था हेरेर मात्र थप अटोलाइ दर्ता गरिने छ । अटो रिक्साको समग्र ब्यबस्थापन दर्ता, नवीकरण, रुटनिर्धारण, पार्किङस्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यबस्थापन गर्नका लागि यस उप महानगरपालिका उप-प्रमुखको संयोजकत्वमा सरोकारवाला सहितको एक उप-समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे नपुगेको, आबश्यक कागजात भए नभएको अध्ययन गरी नियमानुसार लाग्ने अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

**(३) दर्ता प्रमाणपत्रको अवधि :**

(१) दफा २ बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाणपत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(४) **दर्ता प्रमाणपत्रको नवीकरण :**

दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको ३ महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराइ सक्नु पर्नेछ। ३ महिना म्यादनाघि नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ बर्षसम्म १०० प्रतिशत, २ बर्षसम्म २०० प्रतिशत, ३ बर्षसम्म ३०० प्रतिशत, ४ बर्षसम्म ४०० प्रतिसत र ५ बर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ता प्रमाणपत्रको नवीकरण गर्नु पर्नेछ।

(५) **नवीकरण सम्बन्धी विशेष व्यबस्था :**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारीधनीले ५ बर्षसम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ बर्षसम्मको लागि लाग्ने नबीकरण दस्तुर एकमुष्ट लिई दर्ताको प्रमाणपत्र ५ बर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ।

६) **दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै अटोधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ।

७) **प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

८) **बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम यस उप-माहानगसपालिका कार्यालयमा दर्ता भएका ई-रिक्सा अटोरिक्सा प्रमाणपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

अनुसूची- १

**विषयः अटो दर्ता सम्बन्धमा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय घोराही, दाङ

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई-रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आबस्यक प्रमाणपत्रहरु यसै साथ राखी पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु।

सवारीधनीको :

नम थर :

ठेगाना :

टेलिफोन :

पिता वा पतिको नाम थर :

सवारी दर्ता नं :

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्षपावर :

सवारीको इन्जिन नं :

सवारीको चेसिज नं :

सवारीको रंग :

सवारीको प्रयोग : निजी/भाडा

सवारीमा चालकसहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानूनबमोजिम सहुँलाबुझाउँला।

कम्पनी/संस्थाको छाप

दरखास्तवालाको :

दस्तखत :

मिति :

## अनुसूची- २

| क.सं. | सवारी दर्ता/नवीकरण दस्तुर रु. | नामसारी दस्तुर रु. | प्रतिलिपि दस्तुर रु. |
|---|---|---|---|
| १ | ७५०।०० | ५००।०० | २५०।०० |

**नोट** : आबश्यक परेमा नया शुल्क दर सम्मानित नगरसभाबाट पारित भएबमोजिम हुनेछ ।

## अनुसूची- ३

## सवारी साधन दर्ता प्रमाण-पत्र

उप माहनपा दर्ता नं.:

सवारीधनीको नाम थर :

ठेगाना :

पिता वा पतिको नाम थर:

सवारी दर्ता नं :

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्षपावर :

सवारीको इन्जिन नं :

सवारीको चेसिज नं :

सवारीको रंग :

सवारीको प्रयोग : निजि/भाडा

सवारीमा चालक सहित क्षेमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री :

**अधिकृतको दस्खत :**

## नवीकरण

| आर्थिक बर्ष | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अबधि | नवीकरण दस्तुर, भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
सन्तबहादुर सुनार
प्रमुख प्रशासकीय अधिकृत